**खनियाबास गाउँपालिकाद्धारा प्रकाशित**

# खनियाबास गाउँपालिका राजपत्र

खण्डः २ संख्याः... मितिः २०७६ फागुन १२ गते सोमबार

## भाग-२

खनियाबास गाउँपालिका

धादिङ्ग जिल्ला

वागमती प्रदेश, नेपाल

खनियाबास गाँउपालिकाले बनाएको तल उल्लेख बमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# खनियाबास गाउँपालिका

## व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि- २०७६

# खनियाबास गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### दार्खा, धादिङ्ग

**वागमती नं. प्रदेश , नेपाल**

# खनियाबासगाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरणसम्बन्धी कार्यविधि- २०७६

प्रस्तावना :

खनियाबास गाउँपालिका क्षेत्र भित्र संचालित एव संचालन हुने विभिन्न व्यवसायिक गतिविधिलाई कानुनी दायरामा ल्याउन, व्यवसाय संचालन मार्फत् गाँउपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुऱ्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रर्वद्धनमार्फत् उपभोक्ताको हित संरक्षण गर्न, स्थानीय र आम व्यवसायीहरूबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन वाञ्छनीय भएकोल खनियाबासगाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम खनियाबासगाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि-२०७६ रहनेछ।

(२) यो कार्यविधि तुरुन्त लागू हुने छ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यालय" भन्नाले यस खनियाबास गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ।

(ख) "शाखा" भन्नाले यस खनियाबास गाउँपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनुपर्नेछ (ग) "वडा कार्यालय" भन्नाले यस खनियाबास गाउँपालिका अन्तर्गतका ५ वटै वडा कार्यालयहरू सम्झनुपर्नेछ।

(घ) "अध्यक्ष" भन्नाले यस खनियाबास गाउँपालिकाका अध्यक्ष सम्झनुपर्नेछ।

(ङ) "उपाध्यक्ष" भन्नाले यस खनियाबास गाउँपालिकाका उपाध्यक्ष सम्झनुपर्नेछ।

(च) "कार्यपालिका सदस्य" भन्नाले यस खनियाबास गाउँपालिकाका सदस्यहरूलाई सम्झनुपर्नेछ

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस खनियाबास गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्नेछ।

(ज) "वडा समिति " भन्नाले यस खनियाबास गाउँपालिकाको ५ वटै वडा समितिहरू सम्झनुपर्नेछ।

(झ) "व्यवसायी" भन्नाले यस खनियाबास गाउँपालिका भित्रका सम्वन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनुपर्नेछ।

(ञ) "कार्यविधि" भन्नाले "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि- २०७५" सम्झनु पर्नेछ

३. क्षेत्र : यस खनियाबास गाउँपालिका क्षेत्र भित्रका सबै व्यवसायीहरूलाई यस कार्यविधिले समेट्नेछ ।

४. विषयगत क्षेत्र : विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरू पर्नेछन् ।

| क्र.सं. | व्यवसाय विवरण |
|---|---|
| क्र.सं. | शिर्षक |
| १ | होटल, लज, रेष्टुरेण्ट, बार, क्याफे, भोजनालय, मिष्ठान भण्डार |
| | क) खाना नास्ता |
| | ख) खाना नास्ता मदिरा समेत |
| | क) ५ कोठा सम्म लज |
| | ख) १० कोठा सम्म लज |
| | ग) सो भन्दा माथि |
| २ | टेण्ट हाउस र क्याटेरिङ |
| ३ | टेलिरङ ब्यवसाय |
| | क) सटिङ सुटिङ लेडिज जेन्स (कपडा सहित) |
| | ख) टेलरिङ |
| ४ | सैलुन |
| ५ | व्युटिपार्लर(तालिम समेत) |
| ६ | कम्प्यूटर विक्री |
| ७ | कम्प्यूटर मर्मत |
| ८ | टि.भी. फ्रिज विक्री |
| ९ | टि.मी. फ्रिज मर्मत |
| १० | रेडियो, मोवाईल, टेलिफोन क्यालकुलेटर, घडी, क्यासेट सिडी अडियो भिडियो विक्री |
| ११ | रेडियो, मोवाईल, टेलिफोन क्यालकुलेटर, घडी, क्यासेट सिडी अडियो भिडियो मर्मत |
| १२ | जुत्ता पसल (स्थानीय उत्पादन) |
| १३ | जुत्ता पसल (थोक विक्रेता) |
| १४ | जुत्ता पसल ( खुद्रा विक्रेता) |
| १५ | किराना पसल ( थोक विक्रेता) |
| १६ | किराना पसल ( खुद्रा विक्रेता) |
| १७ | किराना पसल (डिलरसीप) |
| १८ | चुरोट, विडी, सुर्तिजन्य पदार्थ (थोक) |
| १९ | चुरोट, विडी, सुर्तिजन्य पदार्थ (खुद्रा) |
| २० | चुरोट, विडी, सुर्तिजन्य पदार्थ (डिलरशीप) |
| २१ | पुजा सामग्री पसल |
| २२ | मोटर पार्ट समान विक्री ग्यारेज सहित |
| २३ | लुव्रिकेशन थोक पसल |
| २४ | लुव्रिकेशन खुद्रा पसल |

| | |
|---|---|
| २५ | धागो टाँक फस्नर स्टिकर खुद्रा पसल |
| २६ | धागो टाँक फस्नर स्टिकर थोक पसल |
| २७ | मोटरसाइकल डिलर/इन्धनवाल अटोरिक्सा |
| २८ | इलेक्ट्रिक रिक्सा/ साइकल |
| २९ | अन्य साइकल/रिक्सा |
| ३० | पम्पीङ सेट जेनेरेटर थोक |
| ३१ | पम्पीङ सेट जेनेरेटर खुद्रा |
| ३२ | अटो सम्वन्धी सेवा |
| ३३ | ल फर्म तथा कानूनी परामर्श सेवा |
| ३४ | मिनरल वाटर उधोग |
| ३५ | सिरक डसना पसल |
| ३६ | कंक्रिट उधोग |
| ३७ | कंक्रिट ब्लक/तारवार उत्पादन गर्ने उधोग |
| ३८ | सनेटरी उधोग तथा ब्यवसाय |
| ३९ | क्रसर उधोग |
| ४० | पत्रपत्रिका प्रकासन सेवा |
| ४१ | एफ.एम प्रशारण सेवा |
| ४२ | सवारी चालक तालिम केन्द्र |
| ४३ | भाषा शिक्षा इन्स्टिच्यूट कोचिङ सेन्टर |
| ४४ | वैदिशक रोजगार ब्यवसाय शाखा कार्यालय |
| ४५ | स्नुकर/पुल हाउस |
| ४६ | कुरियर्स सेवा |
| ४७ | सुनचाँदी पसल |
| ४८ | खाधन्न पसल |
| ४९ | फलफूल पसल |
| ५० | तरकारी पसल खुद्रा |
| ५१ | फुलविरूवा विक्री पसल |
| ५२ | औषधी पसल (एलोपेथिक, होमोपेथिक, आयुर्वेदिक) |
| ५३ | थोक विक्रेता |
| ५४ | खुद्रा विक्रेता |
| ५५ | साना खुद्रा विक्रेता |
| ५६ | चस्मा पसल |
| ५७ | नीजि अस्पताल तथा नर्सिङ होम |
| ५८ | क्लिनिक तथा ल्याव |
| ५९ | डेन्टल क्लिनिक |
| ६० | पान पसल |
| ६१ | ड्राइ क्लिनर्स |

| | |
|---|---|
| ६२ | सिनेमा हल |
| ६३ | आर्ट ब्यवसाय |
| ६४ | विजुली पसल (थोक विक्रेता) |
| ६५ | विजुली पसल ( खुद्रा विक्रेता) |
| ६६ | फोटो स्टुडियो कलर ल्याव |
| ६७ | फोटो स्टुडियो |
| ६८ | भांडा पसल |
| ६९ | गिफ्ट तथा कस्मेटिक पसल |
| ७० | प्लाइ, सिसा पसल |
| ७१ | फर्निचर फर्निसिङ |
| ७२ | पेट्रोल पम्प |
| ७३ | ग्यास (थोक विक्रेता) |
| ७४ | साईकल, रिक्सा मर्मत तथा पार्टस विक्री |
| ७५ | मोटर साईकल पाटपर्जा विक्री तथा मर्मत |
| ७६ | पशुपंक्षी आहारा उधोग |
| ७७ | लेखा परिक्षक |
| ७८ | क श्रेणीलाइ |
| ७९ | ख श्रेणी |
| ८० | ग श्रेणी |
| ८१ | घ श्रेणी |
| ८२ | वैंक, फाइनान्स वित्तिय संस्था तथा सहकारी वैंक (नाफामूलक) |
| | क वर्गको वैंक तथा वित्तिय संस्था<br><br>ख वर्गको वैंक तथा वित्तिय संस्था<br><br>ग वर्गको वैंक तथा वित्तिय संस्था<br><br>घ वर्गको वैंक तथा वित्तिय संस्था |
| ८९ | बचत तथा ऋण सहकारी संस्थाको अडिट रिपोर्ट अनुसार प्रति एक लाख सम्मको नाफा न्यूनतम |
| ९० | बचत तथा ऋण सहकारी संस्थाको अडिट रिपोर्ट अनुसार प्रति एक देखि दुइ लाख सम्मको नाफामा |
| ९१ | पाउरोटी, वरफ, विस्कुट तथा दालमोठ उधोग |
| ९२ | नीजि शिक्षालय संचालन तर्फ |
| ९३ | क्याम्पस, उच्च मा.वि.<br><br>मा.वि. |
| ९४ | आ.वि. (८ कक्षा सम्म) |
| ९५ | आ.वि. (५ कक्षा सम्म) |
| ९६ | ब्लक, रिङ टायल र तारवार पोल उधोग |
| ९७ | पोलोथिन पाइप तथा अन्य प्लाष्टिकका समानहरूको उधोग |

| | |
|---|---|
| ९८ | मैनवत्ती तथा अगरवत्ती |
| ९९ | घरेलु मसला उधोग |
| १०० | परामर्श सेवा |
| १०१ | इन्जेरिङ शैक्षिक |
| १०२ | मदिरा थोक विक्रेता |
| १०३ | मदिरा खुद्रा विक्रेता |
| १०४ | झोला तयारी गर्ने उधोग |
| १०५ | डेरी उधोग (दुग्ध तथा दुग्ध सम्वन्धी अन्य ब्यवसाय) |
| १०६ | फर्निचर उधोग, फर्निचर सो रूम, स - मील |
| १०७ | फर्निचर उधोग |
| १०८ | ग्रील सटर उधोग |
| १०९ | मील ( कुटानी पिसानी) |
| ११० | चिउरा, भुजा चामल उधोग |
| १११ | पोल्ट्री फर्म |
| ११२ | माछा, मासु पसल |
| ११३ | छाला संकलन तथा विक्री |
| ११४ | इंटा, ढुँगा, वालुवा तथा संकलन (डिपो) |
| ११५ | डोको, नाम्लो, भकारी प्लाष्टिक तथा वेतवाँसका समानहरू |
| ११६ | इन्टरेट सेवा प्रदायक संस्था |
| ११७ | हार्डवेयर पसल (इटा, रोडा सहित अन्य) |
| ११८ | हार्ड वेयर पसल |
| ११९ | मेटलको भांडा वनाउने पसल |
| १२० | स्टेशनरी पुस्तक पसल (थोक विक्रेता) |
| १२१ | स्टेशनरी पसल (खुद्रा विक्रेता) |
| १२२ | केवुल प्रशारण |
| १२३ | फोटोकपी, फ्याकस, लेमिनेशन, ब्यान्डिङ, कुरियर |
| १२४ | कम्प्यूटर, डाइभिङ तथा ईन्स्टिच्यूट |
| १२५ | कपडा पसल फेन्सीन |
| १२६ | डिजिटल छापाखाना (अपसेट प्रेस) |
| १२७ | साईवर, नेट, गेम सेन्टर फोन सेवा (कम्युनिकेशन सेवा) |
| १२८ | निर्माण ब्यवसायी |
| | क श्रेणी |
| | ख श्रेणी |
| | ग श्रेणी |
| | घ श्रेणी |
| १२९ | रासायनिक मल, वीउविजन, किटनाशक औषधी, दाना, चल्ला विक्री भेटनरी समेत |
| १३० | कृषि सामग्री विक्री केन्द्र |

| | |
|---|---|
| १३१ | एग्रोभेट |
| १३२ | भिडियो मिक्सिङ |
| १३३ | ट्युसन सेन्टर |
| १३४ | मेसिनरी समान, वेरिङ रिपेरिङ तथा बिक्री (मोटर, जेनेरेटर.) |
| १३५ | कृषि उपकरण मर्मत तथा विक्री |
| १३६ | रेमिटेन्स सेवा क श्रेणी |
| १३७ | कवाडी ब्यवसाय |
| १३८ | हल भाडा प्रतिदिन (कार्यक्रमको लागि) |
| १३९ | जडिवुटी वनजन्य उधोग (खोटो लगायत) |
| १४० | बैकल्पीक उर्जा (गोबर ग्याँस, सोलार) |
| १४१ | विमा कम्पनी |
| १४२ | विमा एजेन्ट |
| १४३ | रङरोगन पसल |
| १४४ | पोल्ट्री सप्लायर्स (दाना चल्ला विक्रेता) |
| १४५ | कृषि ब्यवसाय |
| | कृषि फर्म |
| | माछा पालन |
| | बङगुर फर्म |
| | भैसी फर्म |
| | बाख्रा फर्म |
| | गाई फर्म |
| | अन्य फर्म |

## परिच्छेद- २

## व्यवसाय दर्ता सम्वन्धी व्यवस्था

५. व्यवसाय दर्ता प्रकृया :

(१) व्यवसाय दर्ता गर्नुपर्ने : प्रत्येक व्यवसायीले गाउँकार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

(२) सूचना प्रकाशन गरिने :

(१) व्यवसाय दर्ताको लागि स्थानिय संचार माध्यमबाट प्रकाशन गरिनेछ ।

(२) सूचनाको नमूना अनुसुची ३ बमोजिम हुने छ ।

(३) तोकिएको समय भित्र व्यवसाय दर्ता गर्नुपर्ने :

हाल संचालनमा रहेका सम्पूर्ण व्यवसायीले ०७६ असार मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नुपर्नेछ । साथै नयाँ व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नुपर्नेछ ।

६. दर्ताका लागि आवश्यक कागजातहरू :

६.१. व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरू सहित अनुसूची ३ बमोजिमको ढाँचामा गाँउ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(१) हालसालै खिचेको २ प्रति फोटो

(२) नागरिकता प्रमाणपत्रको प्रतिलिपी

(३) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी

(४) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(५) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

(६) स्थानीय उद्योग वाणिज्य संघको सिफारिस पत्र - वडाको सिफारिस या रोहवरमा टिप्पणी मार्फत्

(७) वडा कार्यालयको सिफारिस

७. प्रमाणपत्र सम्बन्धी व्यवस्था

(१) माथि ६.१ मा उल्लेखित कागजातहरू प्राप्त भई सकेपश्चात तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

८. व्यवसाय नवीकरण सम्वन्धी व्यवस्था :

(१) प्रत्येक व्यवसायीले आर्थिक बर्षको आश्विन मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँकार्यपालिकाबाट नवीकरण गरिसक्नुपर्नेछ । व्यवसाय नवीकरणको प्रमाणपत्र कार्यालयले व्यवस्था गरेबमोजिम हुनेछ ।

(२) तोकिएको समयमा नवीकरण नगरेमा तोकिएको थप जरिवाना लिई पौष मसान्तसम्म नवीकरण गर्न सकिने छ । पौष मसान्तसम्म पनि नविकरण नगरेमा कार्यालयले व्यवसाय बन्द गराउन सक्ने छ ।

९. व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकनसम्बन्धी व्यवस्था :

(१) व्यवसाय दर्ता/नवीकरणसम्बन्धी शुल्क/दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्धारण गर बमोजिम हुनेछ ।

(२) चालु आ.व.को हकमा अनुसूची-२ मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लिइनेछ ।

(३) आ.व.समाप्त भएपछि व्यवसाय दर्ता/नविकरण शुल्कमा गाउँकार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता /नविकरण शुल्क सम्वन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

## परिच्छेद- ३

## अनुगमन तथा कारबाही

१०. मूल्य सूचीसम्बन्धी व्यवस्था : सम्पूर्ण व्यवसायीहरूले अनिवार्य रुपमा उपभोक्ताहरूले प्रस्टसंग देख्ने गरी मूल्यसूची राख्नुपर्नेछ ।

११. बजार अनुगमन सम्वन्धी व्यवस्था :

(१) यस गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वस्थ, ब्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ। बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था "खनियाबास गाँउपालिका बजार अनुगमन निर्देशिका" बमोजिम हुनेछ ।

१२. दर्ता खारेजी र व्यवसाय बन्द सम्वन्धी व्यवस्थाः

"खनियाबास गाँउपालिकाको बजार अनुगमन निर्देशिक" मा भएको व्यवस्था बमोजिम प्रतिकूल कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गरिनेछ ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नवीकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रीहरू बेचविखन गरेमा

(ग) कालोबजारी गरेमा

(घ) गुणस्तरहीन सामाग्रीहरू बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रीहरू बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रीहरू बेचविखन गरेमा

(छ) प्रदुषित, फोहोर सामाग्रीहरू बेचविखन गरेमा

(ज) राज्यद्धारा निषेध गरिएका जुवातास लगायतका क्रियाकलाप संचालन गरेमा

(झ) गाउँ सरकारद्वारा आवधिक रुपमा संचालन गरिने विषयगत क्रियाकलापको खिलापमा गएमा

१३. कारबाही र जरिवाना सम्बन्धी व्यवस्था :

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ -:

| विवरण | जरिवाना |
|---|---|
| (क) मूल्यसूची नराखेमा | रु. १,०००।- |
| (ख) प्रमाणपत्र नराखेमा | रु. २,०००।- |
| (ग) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा | रु. ५,०००।- |
| (घ) गुणस्तरहीन सामाग्रिहरू बेचविखन गरेमा | रु. १०,०००।- |
| (ङ) म्याद नाघेका सामाग्रिहरू बेचविखन गरेमा | रु.१०,०००।- |
| (च) बजार मूल्यभन्दा चर्को मूल्यमा सामाग्रिहरू बेचविखन गरेमा | रु. १०,०००।- |
| (छ) प्रदुषित, फोहोर सामाग्रीहरू बेचविखन गरेमा | रु. ५,०००।- |

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ । (३) माथि उल्लेख गरिएका जरिवाना गर्दा पनि पटक पटक सोही कार्य दोऱ्याएमा बजार अनुगमन समितिले निर्णय गरी निजको जरिवाना गरिनेछ ।

## परिच्छेद- ४

## विविध

१४. बाधा अड्काउ सम्वन्धी व्यवस्था :

(१) यो कार्यविधिको कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधीको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो वाधा अबरोध हटाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिमा थपघट गर्न सक्ने छ ।

१५. विशेष व्यवस्था :

माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानुन नबनुन्जेलसम्म वा गाउँपालिकाले बनाएको अर्को ऐन, कानुन निर्माण गरियो कार्यविधि खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा कार्यान्वयन हुने छ ।

अनुसूची १

दफा(७) सँग सम्बन्धित

खनियाबास गाँउपालिका गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ

वागमती प्रदेश, नेपाल

**व्यवसाय दर्ता- प्रमाण पत्र**

श्री.....................................

.........................................

व्यवसाय दर्ता मितिः

प्रस्तुत विषयमा तपाईंलाई "खनियाबास गाँउपालिका व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि-२०७५" को दफा (७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरी मर्यादित तवरले आफ्नो व्यवसाय संचालन गर्नुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| व्यवसायको नाम | |
| व्यवसायको प्रकार | |
| व्यसाय रहने स्थान | |
| अन्य | |

प्रमाणपत्र जारी गर्नेको सही :

कार्यालयको छाप

नाम :

पदः

मिति :

व्यवसाय नविकरण

| क.सं. | नविकरण गरेको मिति | बहाल रहने अवधि | रसिद नं.र मिति | प्रमाणित गर्नेको सही छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची २

दफा (५) को उपदफा २ सँग सम्बन्धित

खनियाबास गाँउपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ

वागमती प्रदेश, नेपाल

## व्यवसाय दर्ता सम्बन्धि सुचना

यस खनियाबास गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका व्यवसाय खनियाबास गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७५ को परिच्छेद २ दफा ५ को उपदफा २ बमोजिम सम्पूर्ण व्यवसायीको व्यवसाय दर्ता गर्नुपर्ने भएको हुँदा तोकिएको समय भित्र तोकिए बमोजिमका कागजात सहित गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयभित्र व्यवसाय दर्ता एवम् नवीकरण नगराएमा नियमानुसार जरिवाना गरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**<u>संलग्न कागजातहरू</u>**

(१) हालसालै खिचेको २ प्रति फोटो ।

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

(३) वडा कार्यालयको सिफारिस ।

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी ।

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा ।

(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

(७) प्रदुषण फैलाउने खालको व्यवसाय भए सर्जमिन मुचुल्का ।

अनुसूची २

दफा ६ सँग सम्बन्धित

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

खनियाबास गाँउपालिकाको कार्यालय

दार्खा, धादिङ ।

विषय : व्यवसाय दर्ता गरी पाँऊ ।

महोदय, प्रस्तुत विषयमा मैले तपसिल अनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकाले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

व्यवसायको नामः

व्यवसाय संचालकको नामः

व्यवसायको प्रकार :

व्यवसाय रहने स्थानः

हस्ताक्षर :

निवेदकको नाम :

ठेगानाः

मिति :